महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

तेमाल गाउँपालिका

काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
तेमाल गाउँपालिका
काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

तेमाल गाउँपालिका

काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ११५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
तेमाल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
काभ्रेपलान्चोक ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू २ करोड ३४ लाख १२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ करोड ४० लाख ३१ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५३ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३६ लाख ६० हजार, नियमित गर्नुपर्ने रु ३ लाख ८४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १८ करोड ९६ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १९ करोड ८ लाख १५ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

तेमाल गाउँपालिका, काभ्रेपलान्चोक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५२	८५	२३४१२	०	१७	१४०३१	५२	६८	९३८१	५३३७	३८४	३६६०	०	०	४०४४	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	१०	संचित कोष फिर्ता	७२५
२	३८	पानी टयाङ्की र सिलाई मेसिन बितरण गरेको प्रमाण पेश	५६९
३	३९	गोबर परिक्षण गरेको प्रमाण पेश	९८
४	४१	बिउबिजन वितरण गरेको प्रमाण पेश	१५०
५	४२	पशु चिकित्सक बाट प्रमाणित र सिफारिस गरेको प्रमाण र फोटो पेश गरेको	१५०
६	४९	कालिका निर्माण सेवाले मुल्य अभिबृदि कर कर समायोजनको प्रमाण पेश गरेको	६८८
७	५०	जिसान नेटवर्क प्रा लिको प्रमाण पेश भएको	२९७
८	५३	कालिका निर्माण सेवाको कर विजकको प्रमाण पेश	१००
९	५४	कार्य सम्पन्न प्रमाण पेश	२५५३
१०	६९	राजस्व खातामा जम्मा गरेको प्रमाण पेश	८७०१
		जम्मा	**१४०३१**

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तेमाल गाँउपालिका काभ्रेपलान्चोक	१८९६१९	०	८१८५	१८१४३४	०	९३८१	१९०८१५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक , तेमाल गाउँपालिका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	केदार प्रसाद ढकाल	२०७८-५-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुर्य प्रसाद त्रिपाठी	२०७८-८-५	हाल सम्म कार्यरत
		बेरुजु रकम	९,३८१,३६७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,२९,८९,०९४.५२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३,३३,२८,०००	**चालु खर्च**	२९,०२,२७,४११.८६
प्रदेश सरकारबाट अनुदान	३,९६,५४,०००	**पूँजीगत खर्च**	१५,५३,६२,३१६
राजश्व बाँडफाँट	८,५१,५८,८६७.७२	**वित्तीय/अन्य व्यवस्था**	१७,८३,४३,६०२.३
आन्तरिक आय	१,५९,२०,७५६.१९		
अन्य आय	१३,१८,४७,५००.५		
कुल आय	६०,५९,०९,१२४.४१	**कुल खर्च**	६२,३९,३३,३३०.१६
बाँकी मौज्दात		३,४९,६४,८८८.७७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तेमाल गाउँपालिकाको उद्देश्य रहेको छ । यस तेमाल गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ८९ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव २२ हजार जनसंख्या रहेको छ ।	
२			**लेपको क्रममा असुली** लेखापरीक्षणको दौरानमा वा.नं ८ बाट रु७३,५००। असुली भई दाखिला भएको छ।	
३			**एकिकृत आर्थिक विवरण** यस स्थानीय तहको आ.व. ७८।७९ को सुत्रद्धारा जेनेरेटेड मलेप फा.न. २७२ आर्थिक विवरणमा गतवर्षको जिम्मेवारी फरक परेको, कार्यसंचालन कोष तथा अन्तरसरकारी अख्तियारितर्फको कारोबार समेत छुटेकोले तेमाल गाउँपालिकाको आ.व.०७८.७९ मा अन्तरसरकारी अख्तियारी, कार्यसंचालन कोष तथा विनियोजन खर्चतर्फको एकिकृत आ.वि. निम्नानुसार रहेको छ ।	

सि.नं.	आय शिर्षक	आय	सि.नं.	व्यय शिर्षक	जम्मा व्यय
१	गत बर्षको नगद मौज्दात (बिभिन्न कोषहरु समेत)	५२९८९०९४.५२	१	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च	२०२६२२३९०.७
१.१	नगद मौज्दात (संचित कोष खाता)	४४१२०७२०.२२	१.१	संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु	१८६१५३७०१.७
१.२	प्रकोप व्यवस्थापन कोष	५००००००	१.२	संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम सशर्त अनुदान पुँजीगत	१०८३६१३३
१.३	धरौटी मौज्दात (धरौटी खाता)	३८६८३७४.३	१.३	संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान पुँजीगत	५६३२५५६
			२	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च	१७९३८५५९
	यस आ.ब.को आम्दानी		२.१	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु	२३३६२८०
२	संघीय अनुदान	३३३३२८०००	२.२	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत	९८८६२९०
२.१	संघ समानीकरण	९,५६,००,०००	२.३	प्रदेश समपुरक	५७१५९८९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२.२	संघ सशर्त चालु	२०७५७८०००	३	तेमाल गा. पा. तर्फको खर्च	२३०९५५४४४.९४
२.३	संघ शसर्त अनुदान पुँजीगत	१,३५,५०,०००.	३.१	तेमाल चालु	८१८४०४८५.१६
२.४	संघ विषेश अनुदान पुँजीगत	१,६६,००,०००.	३.२	पुँजीगत खर्च	१२३२९१३७९
३	बागमती प्रदेशबाट प्राप्त अनुदान	३९६५४०००	३.३	शिक्षा चालु	६०५३८७१
३.१	सशर्त अनुदान चालु	३२४९०००	३.४	स्वास्थ्य चालु	९५९९०२३
३.२	सशर्त अनुदान पूजीगत	१,००,००,०००	३.५	कृषि चालु	४२४४०५१
३.३	वित्तिय समानीकरण प्रदेश	७७७७०००		कुल चालु खर्च- रु.२९०२२७४११.८६	
३.४	प्रदेश समपुरक अनुदान	१८६२८०००		कुल पूजीगत खर्च- रु.१५५३६२३१६	
४	जम्मा आन्तरिक आय	१५९२०७५६.१९	४	अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)	११९५६४५५२
५	बाँडफाँड प्राप्त राजश्व	८५१५८८६७.७२	४.१	सामाजिक सुरक्षा भत्ता	१११९४५५५२
५.१	राजश्व बाँडफाँड संघ	६६९२७३६७.७८	४.२	स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम	०
५.२	राजश्व बाँडफाँड प्रदेश	१८२३१४९९.९४	४.३	प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम	७५७३६४०
६	अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत)	११९५६४५५२	४.४	Cgas फिर्ता	४५३६०
६.१	सामाजिक सुरक्षा	१११९४५५५२	५	विपद व्यावस्थापन कोष (आकस्मिक कोष)	५९२६६३६
६.२	स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम	०	६	प्रकोप ब्यबस्थापन कोष ब्यय	२०४१४४
६.३	प्रदेश पुर्वाधार बिकास	७६१९०००	७	धरौटी फिर्ता	१५८९३२३.३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	साझेदारी कार्यक्रम			अन्य विविध खर्च	
७	मर्मत सम्भार कोष आय	१४१३३६२	८	पालिका भवन निर्माण	६००००००
८	धरौटी आम्दानी	२२३८३७२	९	अनुदान फिर्ता	४५०५८९४७.३
९	अन्य विविध आय	८६३१२१४.५	९.१	संघ सशर्त अनुदान चालु	१७४८८०७०.३
	९.१) जिल्ला समन्वयबाट प्राप्त	६००००००	९.२	संघ सशर्त तथा विशेष अनुदान पूजीगत	१३६३२४३६
	९.२) plgsp द्धारा सुचना अधिकृतको तलब निकासा	२५२९३७.५	९.३	प्रदेश सशर्त अनुदान चालु	९१२७२०
	९.३) ५०% अनुदान वापतको रकम जम्मा	२३७८२७७	९.४	प्रदेश सशर्त अनुदान पूजीगत	११३७१०
	९.४) आकस्मिक कोष खाता (आन्तरिक आयबाट रु.८० लाख आम्दानी बाधिएको)	-	९.५	प्रदेश समपूरक अनुदान पूजीगत	१२९१२०११
	-	-	१०	जम्मा बैक मौज्दात बिबरण	३४९६४८८८.४७
	-	-	१०.२	संचित कोष खाता	१३१५७१६७.४७
	-	-	१०.३	प्रकोप ब्यबस्थापन कोष खाता	४७९५८५६
	-	-	१०.४	धरौटी खाता	४५१७४२३
	-	-	१०.५	विभाज्य कोष खाता	१२८१९७०
	-	-	१०.७	आकस्मिक कोष खाता	२०७३३६४
	-	-	१०.८	आन्तरीक राजश्व खाता	२६१३७२३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>-</td><td>-</td><td>१०.९</td><td>चालु खर्च खाता</td><td>२००४५५३</td></tr>
<tr><td></td><td>-</td><td>-</td><td>१०.१</td><td>पुँजीगत खर्च खाता</td><td>४४००४५५</td></tr>
<tr><td></td><td>-</td><td>-</td><td>१०.११</td><td>विविध खर्च खाता</td><td>१२०३७७</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>६५८८९८२१८.९३</td><td></td><td>कुल जम्मा</td><td>६५८८९८२१८.९३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरणतर्फ
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।
<table>
<tr><td>विवरण</td><td>यस वर्ष रु.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५१,२१,७०,८४९.४२</td><td>४५,९२,०५,५०५.८७</td><td></td><td>४५,९२,०५,५०५.८७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४८,९२,५७,४८७.४२</td><td>४५,५६,८५,१६३.८७</td><td>०</td><td>४५,५६,८५,१६३.८७</td></tr>
<tr><td>११००० कर</td><td>८,७८,९८,०००.००</td><td>८,९७,३७,२८३.८७</td><td>०</td><td>८,९७,३७,२८३.८७</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३७,२१,६०,०००.००</td><td>३५,५९,१२,२७९.००</td><td>०</td><td>३५,५९,१२,२७९.००</td></tr>
<tr><td>संघीय सरकार</td><td>३३,२५,०६,०००.००</td><td>३३,०६,८४,०००.००</td><td>०</td><td>३३,०६,८४,०००.००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>३,९६,५४,०००.००</td><td>२,५२,२८,२७९.००</td><td>०</td><td>२,५२,२८,२७९.००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td>२,७१,९९,४८७.४२</td><td>७५,२९,१८१.००</td><td>०</td><td>७५,२९,१८१.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१५००० विविध प्राप्ति	२०,००,०००.००	२५,०६,४२०.००	०	२५,०६,४२०.००
ख. अन्य प्राप्ति	२,२९,१३,३६२.००	३५,२०,३४२.००		३५,२०,३४२.००
वितरण गर्न बाकी राजस्व	०	१२,८१,९७०.००	०	१२,८१,९७०.००
कोषहरु	२,२९,१३,३६२.००	०	०	०
धरौटी	०	२२,३८,३७२.००	०	२२,३८,३७२.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०
भुक्तानी (ग+घ)	५६,१२,९१,५६९.६४	४६,१४,२०,०४६.९४		४६,१४,२०,०४६.९४
ग. भुक्तानी (सञ्चित कोषबाट)	५३,८३,७८,२०७.६४	४४,५५,८९,७२७.८६		४४,५५,८९,७२७.८६
२१००० पारिश्रमिक / सुविधा	१९,६६,२३,६२०.००	१८,३१,३५,७४४.५०	०	१८,३१,३५,७४४.५०
२२००० मालसामान तथा सेवाको उपयोग	१०,५८,३७,१३१.६४	९,२६,९५,२२६.३६	०	९,२६,९५,२२६.३६
२५००० सहायता (Subsidy)	२४,७५,०००.००	२३,०९,०००.००	०	२३,०९,०००.००
२७००० सामाजिक सुरक्षा	२,१४,७०,०००.००	८३,२६,५४६.००	०	८३,२६,५४६.००
२८००० अन्य खर्च	४०,७३,१००.००	३७,६०,८९५.००	०	३७,६०,८९५.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२०,७८,९९,३५६.००	१५,५३,६२,३१६.००	०	१५,५३,६२,३१६.००
घ. अन्य भूक्तानी	२,२९,१३,३६२.००	१,५८,३०,३१९.०८		१,५८,३०,३१९.०८
कोषहरु	२,२९,१३,३६२.००	१,४३,८८,६७९.७८	०	१,४३,८८,६७९.७८
धरौटी	०	१५,८९,३२३.३०	०	१५,८९,३२३.३०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td>(१,४७,६८४.००)</td><td></td><td>(१,४७,६८४.००)</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>(४,९१,२०,७२०.२२)</td><td>(२२,१४,५४१.०७)</td><td></td><td>(२२,१४,५४१.०७)</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>६,९३,६७,३७१.५२</td><td></td><td>६,९३,६७,३७१.५२</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>(४,९१,२०,७२०.२२)</td><td>६,७१,५२,८३०.४५</td><td></td><td>६,७१,५२,८३०.४५</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>७,२१,५२,८३०.४५</td><td></td><td>७,२१,५२,८३०.४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

स्थानीय तहको विभाज्य कोष खाता र राजस्व खाताबीच बैंक कारोबारमा रु.५० लाखको भिन्नता, राजस्व खाता र संचित कोष खाताबीच बैंक कारोबारमा रु.२७,२२,००० र संचित कोष खाता र खर्च खाताबीच बैंक कारोबारमा रु.२३०६०३१६.३ गरी कुल रु.२५३३८३१६.३ बैंक कारोबारमा भिन्नता देखिएकोले स्थानीय तहले भिन्नता सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सुत्रमा गतवर्षको जिम्मेवारी बढी बाधिएको, यसवर्षको प्राप्तिमा फरक परेको, कार्यसंचालन कोषतर्फ सम्पूर्ण कारोबार प्रविष्टि नगरेको तथा अन्तरसरकारी अख्तियारीतर्फको विवरण छुटेको लगायतका विभिन्न कारणले यस स्थानीय तहको एकिकृत आर्थिक विवरणसमेत तयार गरिएको छ। जसअनुसार यसवर्षको बैंक मौज्दात रु.३४९६४८५८ देखिन्छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचित कोष, धरौटी, प्रकोप व्यवस्थापन लगायत अन्य सम्पूर्ण शीर्षकहरुमा रु.८६६१५६७८.४ मौज्दात रहेकोमा मिति ०७८।४।५ र ४।७ मा संघीय सशर्त चालु र पूजीगत तर्फ रा.वा.बैंक.को भौ.नं. १०९९१९९५ मार्फत रु.२८३८४८८८ र भौ.नं. १०९९१९९५ मार्फत प्रदेश चालु तथा पूजीगततर्फ रु.३८४९५३८ र प्रदेश समपूरक तर्फ भौ.नं. १०९९१९९५ मार्फत रु.१ करोड गरी कुल रु.४२२३४४२४ अनुदान फिर्ता दाखिला भएकोले गत वर्षको मौज्दात रकम रु.४४३८१२५४.४ रहेको देखिन्छ ।तर पालिकाले संचित कोषतर्फ रु.४४१२०७२०.२२, धरौटीतर्फ रु.३८६८३७४.३, प्रकोप व्यवस्थापन कोषतर्फ रु.५०लाख गरी कुल रु.५२९८९०९४।५२ गत वर्षको जिम्मेवारी बाँधेको देखियो । पालिकाले गत वर्षको प्रतिवेदन भन्दा बढी रु.८६०७८४०.१२ आम्दानी बढी बाँधेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			साथै सुत्र अनुसार पालिकाले गतवर्षको जिम्मेवारी अल्यातर्फ रु.४४१२०७२०.२२, धरौटीतर्फको जिम्मेवारी रु.३८६८३७४.३, प्रकोप व्यवस्थापन कोषतर्फको जिम्मेवारी रु.५०लाख, आकस्मिक कोषतर्फको जिम्मेवारी रु.८०लाख र विविध खर्चको जिम्मेवारी रु.८३७८२७७ गरी कुल रु.६९३६७३७१.४२ अल्या गरेको देखिन्छ । पालिकाले गो.भौ.नं. १।०७८।६।१४ मा आकस्मिक कोषतर्फ रु.८० लाख संचितकोषबाट ट्रान्सफर गरी आम्दानी बाधेकोमा र पालिकाले गो.भौ.नं. १।०७८।६।१३ मा विविध खर्चतर्फ जिल्ला समन्वय समितिबाट रु.६० लाख र ५०% अनुदान तर्फको लगायत गत वर्षको बाँकी रु.२३७८२७७ गरी विविध खर्च तर्फ कुल रु.८३७८२७७ आम्दानी बाधेकोमा सुत्रमा गतवर्षको जिम्मेवारी अल्या तर्फ जोडिइ गत वर्षको मौज्दात अल्या रु.६९३६७३७१.४२ देखिन्छ । यसरी संचित कोषबाट ट्रान्सफर गरि तथा विविध खर्चको यसवर्षको अनुदान रकम आम्दानी बाधेको रकम गतवर्षको जिम्मेवारीतर्फ समावेश भएको देखियो ।	
४.४			स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.	

खाता नं	खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
७१०१००००००१२०२	ग १.१, आन्तरिक राजस्व खाता	२६१३७२३.०९	२६९१२४२	७७५१९
७१०१००००००२२०२	ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
७१०१००००००३२०२	ग १.३, आन्तरिक अनुदान खाता	०	०	०
७१०१००००००१२०१	ग २.१, चालू खर्च खाता- विजोर वर्ष	२००४५५३.८४	२६५८२२	-१७३८७३२
७१०१००००००२२०१	ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष	४४००४५५	२८८३१२०	-१५१७३३५
७१०१००००००५२०२	ग २.७, विविध खर्च खाता	१२०३७७	३९२०७७	२७१७००
७१०१००००००३२०१	ग ३.१, स्थानीय तह धरौटी खाता	४५१७४२३	४५१७४२३	०
७१०१००००००४२०१	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	२५००६७९२	१५९५६७९२	-९०५००००
७१०१०००००२९३२०१	ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	१२८१९७०	६८३१०७०	५५४९१००
७१०१००००००७२०२	ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता	२०७३३६४।२२	२११८४२२	४५०५८
७१०१०००००३८८२०१	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	४७९५८५६	४७९७०९३	१२३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

	जम्मा	४६८१४५१४.१५	४०४५३०६१	-६३६१४५३
	बैंक कारोबारमा भिन्नता [विभाज्य कोष खाता र राजस्व खाता]	५०,००,०००.००		
	बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]	(२७,२२,०००.००)		
	बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]	२,३०,६०,३१६.३०		
	जम्मा	७,२१,५२,८३०.४५	४०४५३०६१	

५

क्षेत्रगत बजेट र खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार गरे नगरेको,

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५,८७ ,९३ ,२५२	२,५८ ,६० ,८३५	५.८०%
सामाजिक क्षेत्र	३०,७८ ,९८ ,०२०	२७,३५ ,१८ ,३१२.७	६१.३८%
पूर्वाधार विकास क्षेत्र	१०,५० ,३३ ,२१६	९,४० ,९० ,५४१	२१.११%
सुशासन तथा अन्तरसम्बन्धित	१,२८ ,२५ ,५४२	५५,९७ ,७५६	१.२५%
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	५,३८ ,२८ ,१७७.६४	४,६५ ,२२ ,२८३.१	१०.४४%
जम्मा	५३,८३ ,७८ ,२०७.६४	४४,५५ ,८९ ,७२७.८६	१००.००%

उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ६१.३८ प्रतिशत, पूर्वाधार विकासमा २१।११ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १०।४४ प्रतिशत, आर्थिक विकास तर्फ ५।८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ १.२५ प्रतिशत मात्र रहेको देखियो ।अतः संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दुर्गा माया तामाङ ले मिति २०७८।०३।१० गते रु ५१ करोड ५४ लाख २२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८-०४-०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
७			**त्रैमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	तेमाल गापा पुजिँगत	१२८६०८	८३२	२८७७	१८२२१	१०६६७७	७४३२३
२	संघीय ससर्त	१६४६८	०	०	२९५०	१३५१८	१०८३३
३	प्रदेश ससर्त	९८८६	०	०	३९६४	५९२१	४०००
४	शिक्षा गा पा	३९८	०	३९८	०	०	०
	कूल खर्चः	१५५३६०	८३२	३२७५	२५१३५	१२६११६	८९१५६
	खर्च प्रतिशत	१००	०।५३%	२।१०%	१६.१७%	८१.१७%	५७।३८%

साथै संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान रकम तर्फ कुल रु.२६९६०५००० प्राप्ति भएकोमा रु.२२०५६०९४९.७ खर्च भइ रु.४९०४४०५०.३ फिर्ता गर्नुपर्ने देखिएकोमा आर्थिक वर्ष ७८.७९ को अन्त्यमा विभिन्न गो.भौ.नं/मितिमार्फत रु.४५०५८९४७.३ अनुदान फिर्ता गरेकोमा सुत्रमा जम्मा रु.१४३४७७२१ मात्र फिर्ता गरेको देखिएकोले रु.३०७११२२६ बढी फिर्ता गर्नुपर्ने देखिएकोले सम्बन्धितहरुबाट फरक विवरणसम्बन्धमा यकिन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**अनुदान फिर्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ र बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७६ को नियम ३४ मा संघीय संचित कोष तथा प्रदेश संचित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोष तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्नेछ र कुनै कारणवश सोही आर्थिक वर्षभित्र फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएको देहाय अनुसार सशर्त अनुदान, विशेष अनुदान तथा समपुरक अनुदानबापत रु.२६,९६,०५,०००.०० प्राप्त गरेकोमा रु. २२,०५,६०,९४९.७० खर्च भइ रु. ४९०४४०५०.३ खातामा बाकी रहेकोमा पालिकाले विभिन्न मितिमा रु.४५०५८९४७.३ दाखिला फिर्ता गरेकोमा रु.३९८५१०३ हालसम्म पनि फिर्ता गरेको देखिएन ।तसर्थ फिर्ता गर्न बाकी संघीय सशर्त अनुदानबापतको रकम रु.३९८५१०३ संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु.	३,९८५,१०३

विवरण	सुत्रमा प्राप्ति	खर्च	फिर्ता गर्नुपर्ने	फिर्ता भएको	फिर्ता गर्न बाकी	सुत्रले फिर्ता देखाएको	सुत्रले फिर्ता बाकी देखाएको	बढी फिर्ता गर्नुपर्ने देखिएको
संघ सशर्त चालु	२०७५७८०००	१८,६१,५३,७०१.७०	२१४२४२९८.३	पालिकाले संघीय चालु गो.भौ.नं।मिति २३१। ०७९।३।२७ मार्फत रु.१७४८८०७०।३० निकासा फिर्ता खर्च लेखि मिति ०७९।३।२९ मा रा.वा.बैंक को भौ.नं.१०८६७९२७ मार्फत रु.१७४८८०७०।३० फिर्ता भएको	३९३६२२८	१३२२०००	२,०१,०२,२९८.३	१६१६६०७०.३
संघ शसर्त अनुदान पुँजीगत	१,३५,५०,०००.	१,०८,३६,१३३.००	२७१३८६७	पालिकाले संघीय पूजीगत गो.भौ.नं।मिति ३०६।०७९।३।२७ मार्फत कुल फिर्ता बाकी रु.१३६८१३११ मध्ये रु.१३६३२४३६ निकासा फिर्ता खर्च लेखि मिति ०७९।३।२९ मा रा.वा.बैंक को भौ.नं.१०८६७९३० मार्फत रु.१३६३२४३६ फिर्ता भएको	४८८७५	०	२७१३८६७	१३६३२४३६
संघ विषेश अनुदान पुँजीगत	१,६६,००,०००.	५६,३२,५५६.००	१,०९,६७,४४४.			०	१,०९,६७,४४४.	
प्रदेश शसर्त अनुदान चालु	३२,४९,०००.	२३,३६,२८०.००	९,१२,७२०.००	पालिकाले प्रदेश चालु गो.भौ.नं।मिति २७।०७९।३।२७ मार्फत रु.९१२७२० निकासा फिर्ता खर्च लेखि मिति ०७९।३।२९ मा	०	०	९,१२,७२०	९,१२,७२०.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see nested table below)	
९			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।	

				रा.वा.बैंक को भौ.नं. १०८६७९२९ मार्फत रु.९१२७२० फिर्ता दाखिला भएको				
शसर्त अनुदान पुँजीगत	१,००,००,०००.	९८,८६,२९०.००	१,१३,७१०.	पालिकाले प्रदेश पूजीगत गो.भौ.नं।मिति १२।०७९।३।२७ मार्फत रु.११३७१० निकासा फिर्ता खर्च लेखि मिति ०७९।३।३१ मा रा.वा.बैंक को भौ.नं ०७९८८९९० मार्फत रु. ११३७१० फिर्ता दाखिला भएको	०	१,१३,७१०.	०	०
समपुरक अनुदान पुँजीगत	१,८६,२८,०००.	५७,१५,९८९.००	१,२९,१२,०११.	पालिकाले गापा पूजीगत गो.भौ.नं।मिति ४२४।०७९।३।२७ मा रु. १,२९,१२,०११ निकासा फिर्ता खर्च लेखि मिति ०७९।३।३१ मा रा.वा.बैंक को भौ.नं. ०७९८९५६१ मार्फत रु.१२९१२०११ फिर्ता दाखिला भएको	०	१,२९,१२,०११	०	०
जम्मा	२६,९६,०५,०००.	२२,०५,६०,९४९.७	४९०४४०५०.३	४५०५८९४७.३	३९८५१०३	१४३४७७२१	३४६९६३२९.३	३०७११२२६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा१३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन को दफा २०७४ ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन२०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१०			**संघीय खातामा फिर्ता गर्नुपर्ने** ***...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९/१२ /२० को निर्णयबाट रु. ७२४७११ /- सम्परीक्षण गरिएको /)***	०
११			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार गाउँपालिकामा गाउँ कार्यपालिकाको कार्यालयमा २८ जना र वडाहरुमा कुल १८ जना गरी प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अधिकृत, सब इन्जीनियर, कृषि अधिकृत,पशु सेवा अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१३			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले गाउँकार्यपालिका तथा वडाहरुमा विभिन्न पदमा ४० जना कर्मचारीहरु र स्वास्थ्य संस्थातर्फ ३० जना कर्मचारीहरु करारमा राखि करार सेवा शुल्कबापत रु.७५,२३,७०७ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक गाउँकार्यपालिकाको कार्यालय तथा वडाहरुमा विभिन्न पदमा २३ जना करार नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको देखिएको छ ।	
१४			**आन्तरिक लेखापरीक्षण** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा नभइ आर्थिक वर्षको अन्त्यमा मात्र गराएको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
१५			**जिन्सी व्यवस्थापन**	
१५.१			पालिकाले गो.भौ.नं।मिति १५३।०७९।२।१२ मार्फत वडा नं १ को लागि १ ल्यापटप, २ वटा प्रिन्टर खरिद गरी रु.१४९९०० खर्च लेखेकोमा सो जिन्सी सामाग्रीहरु वडामा मात्रै जिन्सी दाखिला गरेकोमा पालिकाको एकिकृत जिन्सी खातामा दाखिला गरेको देखिएन । तसर्थ वडाहरुले खरिद गरेको जिन्सी सामाग्रीहरु पालिकाको एकिकृत जिन्सी खातामा दाखिला हुनुपर्दछ ।	
१५.२			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम १०६ (१) जिन्सि निरिक्षण प्रतिबेदनमा जिन्सि लिलाम बिक्री गर्ने, मर्मत गर्ने , कार्यालय प्रमूखले थप परीक्षण गराउन सक्ने र कार्यालयको वार्षिक भौतिक परीक्षण प्रतिवेदनका आधारमा सो कार्यालयको जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेख भए अनुसारका जिन्सि सामग्रीको ब्यबस्थापन गर्ने ब्यबस्था रहेको छ। कार्यालयले यस आ.ब.मा जिन्सी निरीक्षण गरी प्रतिबेदन तयार नगरेकोले जिन्सी ब्यबस्थापनका सम्बन्धमा यकिन गर्न सकिएन। सार्बजनिक सम्पत्ति	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्थापन प्रणाली (PAMS)प्रणाली बाट राखी सबै वडा कार्यालयमा रहेका जिन्सि सामग्रीको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सो अनुसार अभिलेख गरेको पाइएन। अतः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम १०६ अनुसार अभिलेख राख्नुपर्ने देखिन्छ।	
१६			**कानुन र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ११ कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले २५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि २ वटा ऐन, २ वटा नियमावली र ४ कार्यविधि गरि कुल ८ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
१७			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष कुल ९ वटा विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई ४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१८			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.३१९९२६५ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।	
१९			**पि पि सि सिमेन्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्र्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु. ८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० (मू.अ.कर बाहेक) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको नहुन सक्छ भने आर्कोतर्फ प्रति बोरा रु.११० (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.	३०,७७०

गोश्वरा भौचर	उपभोक्ता समिति/आपुर्तक	सिमेन्ट वोरा संख्या	बढी भुक्तानी
१४- ९।२७	पालिका भवन अगाडीको कम्पाउण्ड निर्माण उ. स	२१५	१८२७५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३- १२।१६</td><td>नारायणस्थान बिद्यालयसंगैको चौतारा निर्माण उ.स</td><td>४७</td><td>३९९५</td></tr>
<tr><td>३८२- ३।२२</td><td>सिरनटोल माउलचौर सत्तल निर्माण उपभोक्ता समिति</td><td>१००</td><td>८५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३०७७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
बैंक खातामा भुक्तानी
महालेखा नियन्त्रक कार्यालयबाट आ.व २०७६।०७७ देखि सम्पुर्ण सरकारी कार्यालयहरुमा अनिवार्य रुपमा CGAS/E-Payment लागु गरि सबै प्रकारका भुक्तानीहरु सम्बन्धित व्यक्ति/पार्टीको नाममा विद्युतिय माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले निम्न अनुसारका सप्लायर्स फर्मलाई भुक्तानी गर्नुपर्नेमा कार्यालयका कर्मचारी मार्फत रु. ।- भुक्तानी गरेको पाईयो।कर्मचारीले वा सम्बन्धितले सोधभर्ना पनि नमागेको अबस्थामा पनि पार्टीलाई आफुले माग गरेको रकम बुझाँएको भरपाई समेत संलग्न राखेको देखिएन।सरकारी निकायबाट भुक्तानी हुने सबै प्रकारका भुक्तानीहरु बैंकखाता बाटनै गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौनं मिति</th><th>भुक्तानी पाउने</th><th>आपुर्तक</th><th>सामग्री</th><th>भुक्तानी</th></tr>
<tr><td>५-८।२०</td><td>नरेन्द्र देबकोटा</td><td>राजेश हार्डवेयर</td><td>पाईप</td><td>७१,९२४।</td></tr>
<tr><td>५-८।२०</td><td>नरेन्द्र देबकोटा</td><td>जय भिमशेन सप्लायर्स</td><td>निर्माण सामग्री</td><td>९९,८३५।</td></tr>
<tr><td>६-८।२१</td><td>नरेन्द्र देबकोटा</td><td>राजेश हार्डवेयर</td><td>पाईप</td><td>७५,९९२।</td></tr>
<tr><td>११-९।११</td><td>नरेन्द्र देबकोटा</td><td>न्युक्रीयसन</td><td>ल्यापटप</td><td>९९,८००।</td></tr>
<tr><td>१२-९।१३</td><td>नरेन्द्र देबकोटा</td><td>राजेश हार्डवेयर समेत</td><td>फर्निचर समेत</td><td>३,०० ,०००।</td></tr>
<tr><td>१६-९।२९</td><td>आशिक लामा</td><td>Wohme shynagke Thangk kakhang</td><td>प्रबेशद्वार निर्माण</td><td>४,९९ ,०००।</td></tr>
<tr><td>२५- ११।३०</td><td>हरिश्चन्द्र बि.क</td><td>बाबुराम ग्रील वर्कशप</td><td>गोलो भर्याङ्ग</td><td>३५,०००।</td></tr>
<tr><td>२६- ११।४</td><td>ईन्द्रजित तामाङ्ग</td><td>यू. के सुर्य चन्द्र फर्निचर उद्योग</td><td>र्याक निर्माण</td><td>३०,५००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२,११ ,५५१।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन।	
२२			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
२३			**अनुगमन** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	
२४			**विपद् जोखिम न्यूनिकरण कार्ययोजना** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू आशिंक रुपमा पालना गरेको पाइयो । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
२५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्यविधि तयार नगरी यस वर्ष रु. १,६२,६५१ आर्थिक सहायता वितरण गरेका छन् । पालिकाले कार्यविधि बनाएर आर्थिक सहायता खर्च लेख्नेतर्फ जोड दिनुपर्छ ।	
२६			**नाफामुलक संस्थालाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष तिमाल सामुदायीक ग्रामीण बिद्युतीकरण सहकारी संस्था लि. नाफामूलक	३८४,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
संस्थाको सीिढी निर्माणको लागि रु३,८४,०००। अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त सेवा प्रवाह हुने सुनिश्चित छैन ।यसरी नाफामूलक संस्थालाई अनुदान दिएको नियमसंगत नदेखिएको रु.
<table>
<tr><td>भौ.नं</td><td>अनुदान पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>अनुदान रकम</td></tr>
<tr><td>३१३- ३।१९</td><td>तिमाल सामुदायीक ग्रामीण बिद्युतीकरण सहकारी संस्था लि.</td><td>सींढी निर्माणको</td><td>रु३,८४ ,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>रु३,८४ ,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
शिक्षक दरबन्दी, पदपूर्ति तथा विद्यार्थी संख्या
शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसुची १२ मा उल्लेख भएबमोजिम हुने र नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश पचास, पैतालिस र चालिस हुनुपर्ने व्यवस्था छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>क. स .</td><td>विद्यालयको नाम</td><td>शिक्षक दरबन्दी</td><td>पदपूर्ति</td><td>पदपुर्ति मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
<tr><td>१</td><td>जनचेतना मा. वि .</td><td>१६</td><td>१६</td><td>४</td><td>३८४</td></tr>
<tr><td>२</td><td>मल्लवीदेवी प्रा. वि .</td><td>२</td><td>२</td><td>१</td><td>३६</td></tr>
<tr><td>३</td><td>भूपालेश्वर प्रा. वि .</td><td>२</td><td>२</td><td>२</td><td>२२</td></tr>
<tr><td>४</td><td>पञ्चकन्या आ. वि .</td><td>६</td><td>६</td><td>२</td><td>८६</td></tr>
<tr><td>५</td><td>नव जागरण प्रा. वि .</td><td>२</td><td>२</td><td>०</td><td>१८</td></tr>
<tr><td>६</td><td>सिम भञ्याङ प्रा. वि .</td><td>२</td><td>२</td><td>०</td><td>३६</td></tr>
<tr><td>७</td><td>सर्वोद्धार मा. वि .</td><td>१०</td><td>१०</td><td>४</td><td>१७१</td></tr>
<tr><td>८</td><td>सरस्वती प्रा. वि .</td><td>२</td><td>२</td><td>०</td><td>२१</td></tr>
<tr><td>९</td><td>बालकल्याण प्रा. वि .</td><td>४</td><td>४</td><td>२</td><td>३१</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			१०	जनउद्धार प्रा. वि .	३	३	१	३०	
			११	सुनकोशी प्रा. वि .	५	५	०	३६	
			१२	भूमे मा. वि .	१३	१३	५	२१८	
			१३	कालिदेवी प्रा. वि .	५	५	५	४४	
			१४	तेमाल मा. वि .	१२	१२	५	१६७	
			१५	कालिका आ. वि .	७	७	४	८७	
			१६	दोर्जे घ्याङ प्रा. वि .	३	३	१	४३	
			१७	नारायणस्थान मा. वि .	१७	१७	२	१९५	
			१८	हिमालय प्रा. वि .	३	३	०	२१	
			१९	महाकाली प्रा. वि .	२	२	०	१६	
			२०	नारायणस्थान आ. वि .	९	९	१	८९	
			२१	हिमचुली प्रा. वि .	१	१	०	५	
			२२	सरस्वती प्रा. वि .	२	२	१	२५	
			२३	पञ्चकन्या मा. वि .	१८	१८	२	२८०	
			२४	बुद्धकोल्तोङ प्रा. वि .	३	३	०	१८	
			२५	सुनाकन्या प्रा. वि .	३	३	०	२८	
			२६	निर्मला प्रा. वि .	४	४	०	४६	
			२७	कालीदेवी प्रा. वि .	२	२	०	१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२८	माहाँकाल आ. वि .	५	५	१	७०
२९	राधाकृष्ण मा. वि .	१०	१०	३	१५२
३०	भूमेश्वर आ. वि .	८	८	३	११०
३१	खड्केश्वरी प्रा. वि .	२	२	१	२५
३२	कालीदेवी प्रा. वि .	३	३	१	७
३३	जनज्योती मा. वि .	१०	१०	३	१६४
३४	सेतीदेवी मा. वि .	७	७	१	११८
३५	सनमान आ. वि .	५	५	३	१०६
३६	शिवशक्ति प्रा. वि .	३	३	१	२५
३७	कुशेश्वर मा. वि .	१६	१६	३	४०९
३८	माहाकाली प्रा. वि .	२	२	१	१२
३९	बुद्धकिरण आ. वि .	३	३	०	१११
४०	कालीदेवी प्रा. वि .	२	२	१	१५
४१	बिजुलीकन्या आ. वि .	५	५	०	३७
	जम्मा	२३९	२३९	६४	३६४५

२८			**विपद् व्यवस्थापन कोष** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले आकस्मिक कोषतर्फ गत वर्षको मौज्दात समेत रु८० लाख र प्रकोप व्यवस्थापन कोषतर्फ गतवर्षको मौज्दात समेत रु.५० लाख गरी कुल रु. १करोड ३० लाख आम्दानी भई आकस्मिक कोषतर्फ रु. ५९२६६३५.७८	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र प्रकोप व्यवस्थापन कोषतर्फ रु. २०४१४४ गरी कुल रु.६१३०७७९.७८ खर्च गरी आकस्मिक कोषतर्फ रु.२०७३३६४.२२ र प्रकोप व्यवस्थापन कोषतर्फ रु.४७९५८५६ गरी कुल रु.६८६९२२० बाँकी रकम देखिन्छ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td>८</td><td>२०७९-२-२६</td><td>धरौटी फिर्ता
सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १२४ (२क) मा यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रिटेन्सन मनि भुक्तानी गर्दा आन्तरीक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको, अर्थात मुल्य अभिबृध्दी कर समायोजनको प्रमाण समेत पेश गरे पश्चात मात्र धरौटी फिर्ता दिने ब्यबस्था रहेको छ। यस कार्यालयले साङ्ग दोर्जे। शान्ति जे.भि लाई Temal rural municipality office Building गा.पा. भवन निर्माण पश्चात धरौटी फिर्ता दींदा मुल्य अभिबृध्दी कर समायोजनको प्रमाण पेश गरे पश्चात फिर्ता दिनु पर्नेमा सो बेगरनै रु७,६९,९५७। धरौटी रकम फिर्ता गरेकोले प्रमाण पेश गर्नुपर्ने</td><td>७६९,९५७</td></tr>
<tr><td>३१</td><td>८३</td><td>२०७८-१२-३०</td><td>राजश्व लेखांकन गर्ने सफ्टवयेर
